प्रदेश सरकार
भूमि व्यवस्था,कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नः०६१-४६१२५०
ईमेलःakckashki@gmail.com
वेबसाईट : kaski.akc.gov.np

पत्र संख्याः २०७९/८०
सुचना नं. २

मितिः २०७९/०४/२९

ख. कृषिसंग सम्बन्धित समूह तथा सहकारी संस्थाले मात्र प्रस्ताव पेश गर्न मिल्ने कार्यक्रमहरुको विवरण

| क्र.स | कार्यक्रमको नाम | अनुदानको सहयोग रकम | कार्यक्रम संख्या | वजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| १. | आलु खेति प्रवर्धन विषेश कार्यक्रम | बीउ/मल/ ग्रेडिङ, प्याकेजिङ आदीमा ९०% सम्म अनुदान (प्रति रोपनी बढिमा रु. ५०००/-) | ३० हे. | ३००० | क्लस्टरमा कम्तीमा ३० रोपनी क्षेत्रफलमा कम्तीमा १० घरधुरी संलग्न भई आलु खेति लाई विस्तार गर्नुपर्ने। |
| २. | साना सिँचाई कार्यक्रम सञ्चालन | कुल लागतको ९०% सम्म अनुदान (बढिमा रु. २ लाख अनुदान उपलब्ध हुने) | ३० हे. | ६००० | साना कुलो निर्माण/ कुलो मर्मत, सिमेन्ट तथा प्लाष्टिक पोखरी निर्माण, पाईप सिँचाई, साना बाँध निर्माण आदी जस्ता कार्यकालागि आवेदन पेश गर्न सकिने । |
| ३. | बीउ उत्पादन कार्यक्रम | कुल लागतको ५०% सम्म अनुदान | १० हे. | १००० | बीउ संकलन, ड्राईङ्ग, ग्रेडिङ, प्याकेजिङ्ग, लेबलिङ सामाग्री खरिद भण्डारण र बजारीकरणमा व्यवस्थापन गर्न सकिने । |
| ४. | विउ उत्पादन प्रशोधन तथा भण्डारण सम्बन्धि यन्त्र उपकरण सहयोग कार्यक्रम | कुल लागतको ५०% सम्म अनुदान | १ पटक | १००० | बीउ उत्पादन, संकलन, ड्राईङ्ग, ग्रेडिङ, प्याकेजिङ्ग, लेवलिङ भण्डारण सामाग्री खरिद गर्न सकिने । |
| ५. | विशेष बालि प्रवर्धन कार्यक्रम | कुल लागतको ९०% सम्म अनुदान (बीउ खरिद,संकलन, ड्राईङ्ग, ग्रेडिङ, प्याकेजिङ्ग, लेवलिङ सामाग्री खरिद भण्डारण र बजारीकरण) | २० हे. | २००० | क्लस्टरमा कम्तीमा ३० रोपनी थप क्षेत्रफलमा कम्तीमा १० घरधुरी संलग्न भई विषेश बालि खेति लाई विस्तार गर्नुपर्नेछ। |
| ६. | सामुदायिक विउ बैङ्क सञ्चालनका लागि सहयोग | कुल लागतको ९०% सम्म अनुदान,( भवन निर्माण,बीउ सुकाउने खलो, सेड निर्माण, बिषादी खरिद बीउ भण्डारण तथा बीउ प्रशोधन कार्य आदी) | २ वटा | ४०० | सामुदायिक बिउ बैंक स्थापना गरिने क्षेत्रमा रैथाने तथा स्थानीय बालीहरुको बीउ उत्पादन गर्नुपर्नेछ । |
| ७. | कलष्टरमा रैथाने बाली संरक्षण | रैथाने बालीका बीउ, प्राङगारिक मल र कृषि सामाग्री खरीद लगायतका क्रियाकलापमा ९०% सम्म अनुदान | ३ वटा | ६०० | परम्परागत रुपमा क्लस्टरमा कम्तिमा १५ रो मा स्थानीय बालीहरु (जस्तै कोदो जौ फापर उवा कागुनो आदि) को उत्पादन, संकलन, संरक्षण एवं प्रवर्द्धन कार्यहरु। |

आवश्यक कागजातहरुः

१.निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव

२.सोही प्रकृतिको कार्यक्रमकालागी अघिल्लो २ आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र ।

३.सम्वन्धित स्थानिय तहको सिफारिस (कार्यक्रमको दोहोरोपन नभएको तथा नहुने व्यहोरा उल्लेख भएको, सम्वन्धित वडाको सिफारिश)

४.खेति विस्तारहुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपि (करार सम्झौता न्यूनतम १० वर्ष अवधिको हुनुपर्नेछ) ।

५. कृषि फर्म, कृषक समूह, सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितीको बैठक वसि सो को निर्णय प्रतिलिपि (कृषि फर्मका लागि आवश्यक नपर्ने), संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT को प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र/अडिट रिपोर्टको प्रतिलिपि

*नोटः कार्यक्रम सम्बन्धी निवेदन तथा प्रस्तावनाको ढाँचा यस कार्यालयबाट एवं यस कार्यलयको वेबसाईट **kaski.akc.gov.np** बाट प्रास गर्न सकिनेछ। यस कार्यलयको वेवसाईट **kaski.akc.gov.np** बाट अनलाईन आवेदन समेत दिन सकिनेछ ।*

**थप जानकारीको लागि ०६१-४६१२५०, ९८४६३११२९३, ९८५६०३७४३५, ९८५६००१३४४, ९८५७६२१३४१ मा सम्पर्क गर्न सकिनेछ**

शालिकराम अधिकारी
प्रमुख
(अधिकृत स्तर नवौं)

प्रदेश सरकार
भूमि व्यवस्था,कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र कास्की**
गण्डकी प्रदेश, नेपाल

फोन नः०६१-४६१२५०
ईमेलःakckashki@gmail.com
वेवसाईट : kaski.akc.gov.np

पत्र संख्याः २०७९/८०
सुचना नं. 3

मितिः २०७९/०४/२९

## कार्यक्रम सञ्चालनका लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना ।

कृषि ज्ञान केन्द्र, कास्की, आ.व.२०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्न इच्छुक कास्की जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषक समुह तथा सहकारी संस्थाले मिति २०७९/०६/०२ गते आईतबार भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन संम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ

तपसिलः

**क. कृषक कृषि फर्म कृषि कम्पनी कृषि सँग सम्वन्धित समुह तथा सहकारी संस्थाले प्रस्ताव गर्न मिल्ने कार्यक्रमहरुको विवरण**

| क.स | कार्यक्रमको नाम | अधिकतम अनुदानको सहयोग | कार्यक्रम संख्या | बजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| १. | वाझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रम | प्रति रोपनी रु. ५०००/- अनुदान उपलब्ध गराईनेछ । | ५ हे. | ५०० | विविध कारणले कम्तिमा ३ वर्ष देखि बाँझो रहेको, न्यूनतम ३ रोपनी क्षेत्रफलमा खेती गरिएको हुनु पर्ने । |
| २. | क्षेत्रफलको आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम | खुल्ला जमिनमा तरकारी खेति गर्ने कृषि फर्मले प्रति रोपनी रु. ३,०००/- र प्लाष्टिक घर भित्र खेती गर्ने कृषि फर्मले १०० वर्ग मिटरमा रु ३,०००/- | ५ हे. | ३०० | कम्तीमा २ रोपनी वा प्लाष्टिक घर भित्र कम्तीमा २०० वर्ग मिटर क्षेत्रफलमा वार्षिक कम्तीमा २ सिजन तरकारी खेति गरेको हुनुपर्ने छ । |
| ३. | वालीको विमा शुल्कमा अनुदान कार्यक्रम | कुल विमा शूल्कको अधिकतम २५% | २ पटक | ७०० | आ.व. २०७९/८० मा कृषि सम्वन्धि विमा गरेका आवेदकहरुले आवेदन पेश गर्न सक्नेछन् । पहिलो आवेदन पेश गर्ने आवेदकलाई प्राथामिकता दिईनेछ । |
| ४. | फलफूल नर्सरी तथा स्रोत केन्द्र स्थापना | कुल लागतको बढिमा ५०% | १ वटा | ५०० | फलफूल तरकारी तथा नगदेबाली बीरुवाको नर्सरी श्रोत केन्द्र स्थापना सम्वन्धी कार्यक्रम संचालन मापदण्ड-२०७७ बमोजिम हुनुपर्ने। । |
| ५. | साना व्यवसायिक फर्म स्थापना र विस्तार कार्यक्रम | कुल लागतको ५०% सम्म अनुदान | ५० वटा | १०००० | तरकारी/ पुष्प खेती- कम्तीमा ५ रो खुल्ला जमिनमा र २०० व.मि संरक्षित संरचनाभित्र खेती गरेको हुनुपर्ने फलफूल वालीमा कम्तीमा १० रो., च्याउ खेती- कन्ये/ गोब्रे च्याउ कम्तीमा १००० वर्गफिट क्षेत्रफलमा डोम हाउस, कम्तिमा ५०० मुढामा सिताके च्याउको व्यवसायिक खेती गर्नुपर्ने<br>मौरीपालन- कम्तीमा ३० मौरी गोला सहितको घारमा व्यवसायिक मौरीपालन गरेको हुनुपर्ने । |
| ६. | मसला वाली विकास कार्यक्रम | कुल लागतको ५०% सम्म अनुदान, ( आवश्यक पर्ने बीउ/बेर्ना, मल्चीङ्ग, नर्सरी व्यवस्थापन तथा विषादी लगायतका उत्पादन सामाग्रीहरु खरिद) | ५ हे | ५०० | अदुवा, वेसार, लसुन, प्याज, खुर्सानी बालिमा कम्तीमा १० रो. जग्गामा व्यवसाय गरेको हुनुपर्नेछ। |

प्रमुख
(अधिकृत स्तर नवौं)